श्रीकाशिराजविरचिता

अजीर्णमञ्जरी

(नेपाली-भाषानुवादसहित)

नेपाल सरकार
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
पुरातत्त्व विभाग
राष्ट्रिय अभिलेखालय
रामशाहपथ, काठमाडौं

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

श्रीकाशिराजविरचिता

अजीर्णमञ्जरी

(नेपाली–भाषानुवादसहित)

सम्पादक तथा अनुवादक

डा. छत्रपति दाहाल

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अजीर्णमञ्जरी

(नेपाली-भाषानुवादसहित)

प्रकाशक : राष्ट्रिय अभिलेखालय
रामशाहपथ, काठमाडौं
फोन: ०१-४२००८४८, ४२००८४६

प्रकाशन मिति : २०७५

प्रति : ५००

मूल्य : रू. १५०/-

मुद्रक : तेत्तिसकोटी प्रिन्टिङ सपोर्ट, काठमाडौं
फोन: ०१-६२०४५४८

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

उपोद्घात

आयुर्वेद चिकित्सा विज्ञानको जननी हो। वैदिक सभ्यताको धरोहरको रूपमा चिनिएको आयुर्वेद स्वास्थ्य - विज्ञान र जडिबुटी ज्ञानको सम्मिलन हो। पौराणिक कालमा धन्वन्तरीद्वारा प्रतिपादित यस विधालाई मानव सभ्यताको आरम्भसँगै जन्मिएको मानिन्छ, प्राचीन चिकित्सा विज्ञानको एउटा जिउँदो इतिहास ठानिन्छ। र त, यस युगमा पनि यो आधुनिक चिकित्साविज्ञानको विकल्पका रूपमा बाँचिरहेको छ।

राष्ट्रिय अभिलेखालय आयुर्वेद विज्ञानका शोधकर्ताहरूका लागि उत्कृष्ट गन्तव्य हो। यहाँ रहेका आयुर्वेदसम्बन्धी सामग्रीहरू सिङ्गो मानव सभ्यताकै बहुमूल्य नीधि हुन्। यस कार्यालयमा देशभरबाट संकलित करिब २५०० को हाराहारीमा माइक्रोफिल्म गरिएका आयुर्वेदसम्बन्धी ग्रन्थहरू छन्। यसैगरी आयुर्वेदसम्बन्धी हस्तलिखित ग्रन्थहरू करिब ९०० को संख्यामा रहेका छन्। त्यस मध्ये पनि ताडपत्रमा लेखिएका बहुमूल्य ग्रन्थहरूको संख्या ८५ छ। यी ग्रन्थहरूको अध्ययन अनुसन्धानबाट शोधकर्ताहरूले आयुर्वेदका गुप्त रहस्यहरू पत्ता लगाउन सक्ने सम्भावना प्रचुर छ।

आयुर्वेदसम्बन्धी ग्रन्थहरूको प्रचारप्रसारलाई सर्वव्यापी बनाउने उद्देश्यले यस कार्यालयले समय समयमा आफ्नो संकलनमा रहेका आयुर्वेदसम्बन्धी ग्रन्थहरूको सम्पादन तथा प्रकाशन कार्य गर्दै आएको गर्विलो इतिहास सुनाउन पाउँदा हामी आफूलाई धन्य महसुस गर्दछौं। आयुर्वेदसम्बन्धी ग्रन्थहरूको प्रकाशन गर्ने क्रममा सर्वप्रथम यस कार्यालयले वि.सं.२०२९ सालमा **हरमेखला** नामक ग्रन्थको **पूर्वी खण्ड** प्रकाशनमा ल्याएको थियो। यसैगरी २०३० सालमा **हरमेखला** ग्रन्थकै **मध्यखण्ड**लाई प्रकाशित गर्‍यो। यसैक्रममा यस कार्यालयको संग्रहमा रहेको आयुर्वेदसम्बन्धी हस्तलिखित ग्रन्थहरूको जानकारी श्रद्धेय पाठकहरूलाई गराउने उद्देश्यले २०५९ सालमा **आयुर्वेद विषयका हस्तलिखित ग्रन्थहरूको सूचीपत्र**को सम्पादन तथा प्रकाशनसमेत गर्‍यो। यस कार्यले पक्कै पनि आयुर्वेदका बारेमा अध्ययन-अनुसन्धान गर्न चाहनेहरूका लागि मार्गप्रशस्त भयो होला भन्ने हाम्रो ठम्याई छ। यस वर्ष (आ.ब.२०७४/७५) पनि अन्य विविध ग्रन्थहरूका साथमा आयुर्वेद विषयको चर्चित ग्रन्थ **अर्जीण मञ्जरी**को सम्पादन तथा

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

प्रकाशन गर्न पाउँदा हामी अत्यन्तै गौरवान्वित भएका छौं । यस ग्रन्थको प्रकाशनले आयुर्वेदका शोधकर्ता, अध्येता, विज्ञ पाठक तथा जिज्ञासुहरूको थोरै भए पनि जिज्ञासा शमन गर्ने सामर्थ्य राख्यो भने हामी हाम्रो प्रयास सफल भएको ठान्ने छौं ।

अन्त्यमा, यस ग्रन्थको सम्पादन कार्यको गहन जिम्मेवारी ग्रहण गरी उक्त कार्यलाई सफलतापूर्वक सम्पन्न गर्नु भएकोमा आयुर्वेदका विद्वान् डा. श्री छत्रपति दाहालज्यू प्रति म आभारी छु । यसैगरी यस ग्रन्थको आद्योपान्त अध्ययन- विश्लेषण गरी यस ग्रन्थलाई उत्कृष्ट बनाउन परिमार्जनसहित महत्त्वपूर्ण सल्लाह सुझाव दिनुहुने आयुर्वेदाचार्य श्री काशीराज सुवेदीज्यू प्रति कृतज्ञता अर्पण गर्दछु । साथै यस ग्रन्थको सम्पादन तथा प्रकाशनमा विशेष भूमिका निर्वाहका लागि अनुसन्धान अधिकृत राजु रिमाललगायत सम्पूर्ण सहयोगी कर्मचारी साथीहरूलाई धन्यवाद दिन चाहन्छु । र, यो ग्रन्थ रचनात्मक सुझावको अपेक्षासहित विज्ञ पाठकको हातमा सुम्पन्छु ।

सौभाग्य प्रधानाङ्ग

प्रमुख

राष्ट्रिय अभिलेखालय

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

शुभाशंसा

सुस्वास्थ्य, दीर्घायु एवं परमानन्दको मार्गदर्शन गर्ने विद्या आयुर्वेद हो । आयुर्वेदको प्रमुख अङ्ग कायचिकित्सा हो र त्यसको केन्द्रविन्दु काय अर्थात् जठराग्नि हुन्छ । त्यो अग्नि सही अवस्थामा हुँदा मानिस स्वस्थ भएर दीर्घायु पाउँछ भने विकृत हुँदा अजीर्ण गराई अनेक रोगहरूको शिकार बन्छ । जीवनको सुरक्षा पनि त्यसैमा आधारित छ । महर्षि अग्निवेश भन्नुहुन्छ–

आयुर्वर्णबलं स्वास्थ्यमुत्साहोपचयौ प्रभा ।
ओजस्तेजोऽग्नयः प्राणाश्चोक्ता देहाग्निहेतुकाः ॥
शान्तेऽग्नौ म्रियते, युक्ते चिरं जीवत्यनामयः ।
रोगी स्याद् विकृते, मूलमग्निस्तस्मान्निरुच्यते ॥

–चरक चि. १५।३-४

अग्निलाई सही अवस्थामा उचित भोजनका साथ त्यसको संस्कार, मात्रा र प्रयोगको विधिवारे जानकारी र त्यस अनुरूप आचरण आवश्यक हुन्छ । त्यो नभएमा अग्नि क्रमशः दुर्वल भई अजीर्ण लगायत अनगिन्ती रोगहरूको कारण बन्दछ । दुर्बल अग्नि भएपछि पहिले अजीर्ण त्यसपछि आमदोष अनि ग्रहणी, अतिसार, उदररोग आदि हुन जान्छन् । अतः स्वस्थ र हन चाहने व्यक्तिले अजीर्ण हुन नपाउने किसिमबाट हित अन्न उचित मात्रामा सेवन गर्ने बानी बसाउनुपर्छ। परिस्थितिवश त्यसमा केही गडबडी भई अजीर्ण भएमा सतर्क भई तत्काल त्यसको उपचार गर्नुपर्छ । यसैहुनाले प्राचीन महर्षिहरूले आहारसम्बन्धी नियमहरूका साथ अजीर्णको चिकित्सासम्बन्धी अनेक उपायहरूको वर्णन गर्नुभएको छ । खाने कुराको प्रकृति जस्तो छ त्यस अनुरूप अजीर्णको फरक-फरक लक्षण हुनसक्छ र त्यसको उपाय पनि फरक हुनसक्छ । यही तथ्यलाई हृदयंगम गर्दै आचार्य काशिराजले आजभन्दा शताब्दियौं अगाडि अजीर्णमञ्जरी ग्रन्थको रचना गर्नुभएको, त्यसको प्रचार हुँदा टीका लेख्ने, प्रतिलिपि गर्ने, अनुवाद गर्ने क्रम निरन्तर रहेको बुझिएको छ। यसै सन्दर्भमा यसको सुबोधिनी संस्कृतटीका लेखिएको र नेपाली आदि भाषाहरूमा अनुवाद पनि भएको अवगत हुनआएको छ । यसका विषयहरू सुशिक्षित परिवारहरूमा परम्परागतरूपमा प्रचलनमा आएका भए पनि अहिले सर्वसाधारणले प्रयोग गर्न र बुझ्न पाउने स्थिति ग्रन्थ अप्रकाशित हुँदा सम्भव थिएन । यो अभावलाई पन्छाई राष्ट्रिय अभिलेखालयको अग्रसरतामा डा. छत्रपति दाहालज्यूबाट प्राचीन समयको अनुवादका साथ

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

वर्त्तमान समय अनुरूप सरल, सरस, सुबोध भाषामा गरिएको अनुवाद तथा परिशिष्टमा प्रस्तुत पारिभाषिक शब्दावली आदि विवरणसहित प्रकाशित यो अजीर्णमञ्जरीनामक पुस्तक विशिष्ट स्वरूपमा आउनु आयुर्वेद क्षेत्रमा महत्वपूर्ण उपलब्धि मान्नसकिन्छ ।

यस ग्रन्थको सम्पादन गरी प्रस्तुत गर्नुहुने डा. छत्रपति दाहालज्यू विद्यार्थी अवस्थादेखि नै संस्कृत विषयमा दीक्षित तथा आयुर्वेदका सैद्धान्तिक एवं व्यावहारिक पक्षका साथ वर्त्तमान देश-काल-परिस्थितिसँग सुपरिचित व्यक्तित्व हुनुहुन्छ र हाल नेपाल सरकार, स्वास्थ्य मन्त्रालयमा आयुर्वेद एवं वैकल्पिक चिकित्सा शाखामा वरिष्ठ आयुर्वेद चिकित्सकको रूपमा कार्यरत हुनुहुन्छ । कार्यव्यस्ताको बीचमा आयुर्वेदक्षेत्रमा कुनै ग्रन्थ प्रस्तुत गर्न नसके पनि उहाँले आफ्ना विचारपूर्ण लेखहरूद्वारा कुशल लेखक भएको प्रमाणित गरिसक्नुभएको छ । यस पुस्तकको प्रस्तुतिबाट ग्रन्थरचनाको मार्गमा अग्रसर हुनुभएकोमा हार्दिक बधाइ ज्ञापन गर्दै भविष्यमा अरू पनि उत्तम ग्रन्थहरूको रचना हुने विश्वासका साथ धन्यवाद प्रकट गर्दछु ।

डा. काशीराज सुवेदी

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पृष्ठभूमि

पुरुषार्थचतुष्टयको प्राप्ति पूर्वको दार्शनिक चिन्तनको निष्कर्ष हो । धर्म, धर्मयुक्त अर्थ, अर्थसापेक्ष काम एवं तत्पश्चात् पूर्णकामता हासिल गर्दै मोक्ष वा कैवल्यको चरम गन्तव्य वा परमानन्दको अनुभूति गर्नुसम्मलाई पूर्वीय चिन्तनले दिएको मार्गचित्र मान्नसकिन्छ । आयुर्वेदमनीषी अग्निवेशसंहिताका आचार्य चरक भन्नुहुन्छ–

धर्मार्थकाममोक्षाणामारोग्यं मूलमुत्तमम् । रोगास्तस्यापहर्त्तारः..।।–च.सू. १।१५–१६

धर्म, अर्थ, काम, मोक्ष यी चार कुराको मूलजरो भनेको आरोग्य अर्थात् सुस्वास्थ्य हो । सुस्वास्थ्यका लागि हामीले हाम्रो शरीरको कायलाई बुझ्नुपर्दछ । "**जाठरः प्राणिनामग्निः काय इत्यभिधीयते । यस्तं चिकित्सेत् सीदन्तं स वै कायचिकित्सकः**" भन्दै आयुर्वेदमर्मज्ञ शिवदास सेनले यही उक्ति व्यक्त गरे । प्राणीहरूका लागि जठराग्नि भनेको नै काय हो र त्यही कायाग्नि अर्थात् जठराग्निलाई निभ्न नदिने उपाय वा चिकित्सा जसले गर्दछ त्यसैलाई कायचिकित्सक भनिन्छ । जठराग्निलाई स्थिर र सामान्य बनाउन सकेमात्र हामी आरोग्यलाई हासिल गर्न सक्नेछौं । अन्यथा, आरोग्य हाम्रो पकडमा रहने छैन । कायमा निहित जठराग्निको सन्दर्भमा चरकसंहितामा प्रसिद्ध टीकाकार चक्रपाणि र सुश्रुत संहिताका प्रसिद्ध टीकाकार डल्हणले पनि आफ्नो स्पष्ट अभिमत जाहेर गरेका छन्– **कायस्यान्तरग्नेश्चिकित्सा कायचिकित्सा (च.सू.३०/२८ चक्रपाणि) कायोऽत्राग्निरुच्यते तस्य चिकित्सा कायचिकित्सा (सु.सू१।७)** । '**कायचिकित्साविषया रोगा अग्निदोषादेव भवन्ति**' चरकसंहिताको व्याख्याको क्रममा व्याख्याकार शिवदास सेन पनि यस्तै भन्छन् । रोगाधिष्ठान भनेको शरीर हो । शरीरमा आश्रित विभिन्न रोगहरू काय अर्थात् कायाग्नि किंवा समस्त अग्निमा नै आधारित हुन्छन् । पृथिवी, जल, तेज, वायु, आकाश पाँचै तत्वमा रहेका पञ्चमहाभूताग्नि; रस, रक्त, मांस, मेद, अस्थि, मज्जा, शुक्र सातै धातुमा रहेका सप्तधात्वग्नि र सबै अग्निको मूल स्रोत वा आश्रय जठराग्नि समेत गरेर १३ प्रकारका अग्निहरूको वर्णनमा नै आयुर्वेदले आफ्नो साङ्गोपाङ्गता कायम राखेको हुन्छ ।

अग्नि मन्द हुनु, तीक्ष्ण हुनु वा विषम हुनु स्वास्थ्यका लागि हितकर छैन । स्वास्थ्यको परिभाषा दिने आचार्य सुश्रुत यसो भन्छन् - '**समदोषः समाग्निश्च.....**' अर्थात् अग्निको समता नभएको अवस्थामा स्वास्थ्यको परिकल्पना गर्न सकिदैन । अग्निका अवस्थालाई आचार्य माधवकरले यसरी प्रस्तुत गरेका छन्–

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

मन्दस्तीक्ष्णोऽथविषमः समश्चेति चतुर्विधः।
कफपित्तानिलाधिक्यात्तत्साम्याज्जाठरोऽनलः ॥

–माधवनिदानम्, अग्निमान्द्यवर्णनम् ॥

कफको कारणले अग्नि मन्द हुन्छ, पित्तको अधिकता भयोभने अग्नि तीक्ष्ण हुन्छ, वातको अधिकताले अग्नि विषम हुन्छ र तीनै दोषको साम्यावस्थाले अग्नि सामान्य अर्थात् सम हुन्छ। यसरी मन्दाग्नि, तीक्ष्णाग्नि, विषमाग्नि र समाग्नि गरी जठराग्निका चार अवस्था हुन्छन्। आचार्य सुश्रुतको स्वास्थ्यको परिभाषा '**समाग्निश्च**'लाई हासिल गर्न हामीले अग्निलाई मन्द, तीक्ष्ण या विषमजस्तो असामान्य बनाउनुहुँदैन। आयुर्वेदले यसैलाई मूल लक्ष्य मानेको हुन्छ।

अग्निको मन्दताले गर्दा दोषपाक तथा धातुपाक राम्रोसित हुन पाउँदैन। फलस्वरूप आहाररसबाट धातुको सारभाग एवं मलभाग (किट्टभाग) राम्रोसित छुट्टिन पाउँदैनन्। सारकिट्टविभजन प्रक्रियामा भएको यस असन्तुलनले शरीरमा आमको संचय हुन्छ। कायको मूलधर्म चय र अपचय -Anabolism & Catabolism) हो। सम्यक् चयापचय भनेको नै धातुपाक (Metabolism) हो। यो राम्ररी हुनु अर्थात् धातुपाकको सम्यक् परिणति हुनु भनेको नै आयुर्वेदको भाषामा पाचन हो। कायाग्निको असन्तुलनले जब अग्निमा विषमता हुन्छ, तब आमको संचय या अन्नविषको संकलित विकार शरीरभरि फैलिन्छ। हिजोआजको भाषामा भन्नुपर्दा चिल्लो पदार्थको परिपाक (Metabolism) राम्ररी नभएर अन्नविषको रूपमा शरीरमा Cholesterol संचित हुन्छ। कार्वोज (Carbohydrate) को परिपाक नभएमा रक्तमा शर्करा (Blood Sugar) संचित हुन्छ। प्रोटिन तत्वको परिपाक नभएको अवस्थामा Uric Acid अन्न विषको उत्पादनको रूपमा शरीरमा फैलिन्छ। आफूले खाएको आहार राम्रोसित जीर्ण हुन नदिने अन्नविष आम हो। प्रायजसो रोगहरू मन्दाग्निका कारणले संचित हुने आमद्वारा नै हुने गर्दछन्। **रोगाः सर्वेऽपि मन्देऽग्नौ**। फलस्वरूप मन्दाग्निको उपज अजीर्णले अन्नविषको उत्पादन गर्ने अवसर पाउँदछ। यो आयुर्वेदको सार्वभौम सिद्धान्त हो। हामीहरू सोच्न सक्छौं शल्यसम्बन्धित रोगमा त अग्निको या अजीर्णको सम्बन्ध रहँदैन होला। यद्यपि यस्तो लाग्नु स्वाभाविक नै हो तापनि अग्निको सम्बन्ध सबै निज र आगन्तुक रोगहरूमा रहेको हुन्छ। व्रणमा पनि शोथ (Swelling), वेदना, (Pain), पाक (Pus), ताप (Heat), आनाह (Pressure) का अवस्थामा अजीर्णको प्रभाव स्पष्टसित पर्दछ । आचार्य वाग्भट भन्नुहुन्छ–

अजीर्णादनिलादीनां विभ्रमो वलवान् भवेत्।
ततः शोथरुजापाकदाहानाहानवाप्नुयात् ॥

अर्थात् अजीर्णले गर्दा वातपित्तकफदोष आ-आफ्नो स्थानबाट विचलित हुन्छन् र त्यही विचलन वा विभ्रम बलवान् भएको अवस्थामा व्रणमा शोथ, रुजा, पाक, दाह, आनाह हुन्छन्।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

माथिका भनाइले अजीर्णले हाम्रो शारीरिक स्वास्थ्य अनि समाज र देशको स्वास्थ्यमा कति असर पर्दछ भन्ने कुरा स्पष्ट हुन्छ । **'अजीर्णे भोजनं विषम्'** भन्ने तुक्का त नेपाली जनजिब्रोमा अहिलेसम्मन् झुण्डिएकै छ। **अजीर्णमञ्जरीको** बारेमा केही भन्नुभन्दा पहिले यति भनेर प्रसंगतिर लाग्दाखेरि नै ममा आफ्नो अभीष्ट लक्षित हुनपुग्छ ।

मञ्जरी शब्दको अर्थ मुजुरा हो जसलाई वल्लरी पनि भनिन्छ। मञ्जरी त्यसको हुन्छ जसमा अमृतत्व वा पोषण तत्व हुन्छ। आँपको फलमा पर्याप्त तुष्टि र पर्याप्त पुष्टि छ त्यसैले आँपमा मञ्जरी लाग्छ। तुलसीमा अमृतत्व स्वयं सन्निहित रहेको हुन्छ। त्यसैले तुलसीको पनि मञ्जरी लाग्छ। मञ्जरी अमृतत्वको परिचायक हो । यसैले अजीर्णमञ्जरीका मूल कृतिकारले यसको नाम यही नै राखेका हुन् । अजीर्णको बारेमा अब केही भन्नुपरोइन ।

'राष्ट्रिय अभिलेखालयमा प्रशस्त आयुर्वेदीय ग्रन्थहरू माइक्रोफिल्ममा संरक्षित छन् तर तिनको सम्पादन र अनुवादनका लागि कसैले पनि चाख देखाएनन्' अनुसन्धान अधिकृत राजु रिमालको गुनासो यही थियो । 'संस्कृत भाषाको ज्ञान भएको मान्छेले केही गरिदिएको भए हुन्थ्यो' डा. ऋषिराम कोइरालाको बेला बेलामा यस्तै चुट्का आउने गर्थ्यो । लेखकले लेखिरहनु पर्छ– डा.काशीराज सुवेदीको यही प्रेरणा म बेलाबेलामा पाइरहन्थें । यद्यपि अवसरभने जुट्न पाएको थिएन। डा. श्याममणि अधिकारीले गरेको अष्टांग संग्रहको अनुवाद पढ्दा एक किसिमको प्रेरक ईर्ष्याले हृदय भर्थ्यो। यद्यपि कतै पनि अभिव्यक्त हुनचाहिं पाएको थिएन। भरखरका कोपिला जसको भविष्य फक्रिने कुराको संकेत ममा 'योयो धूमवान् स स वन्हिमान् यथा महानसम्' भनेजस्तै छर्लङ्ग हुन्छ ती कोपिला, जया, सुभद्रा, शारदा, वशंवदा, राधा, लक्ष्मी आस्था आदि र पुष्प, रमेश, जनक, समीर जस्ता सबैको जानिदो नजानिदो अन्तःप्रेरणा ममा गर्भित रहेकै थियो । अष्टाध्यायी पढाइदिनुपर्‍यो भन्ने रमिता महर्जनलाई म यी अन्तःप्रेरणाका केन्द्रविन्दुमा राख्छु । सबैले आ-आफ्नो अनुकूलता अनुसार केही न केही गरिरहेका छन् । नाम भुलेका सत्पात्रले समेत म भित्रको यो अन्तःप्रेरणालाई अवश्य नै साक्षात्कार गर्नेछन् ।

राष्ट्रिय आयुर्वेद अनुसन्धान तथा तालीम केन्द्रका कार्यकारी निर्देशक र सतीर्थ्य डा. सिद्धार्थ कुमार ठाकुरले वाङ्मय अनुसन्धानका क्षेत्रमा सघाउन आग्रह गरेअनुरूप कीर्तिपुरको फाँटबाट राष्ट्रिय अभिलेखालय चहार्दाको प्रतिफल पनि मान्नुपर्छ केही हदसम्म । आफ्नै घरगाउँले भने पनि हुने सिंहदरबार वैद्यखाना विकास समितिका प्रबन्धनिर्देशक डा. वंशदीप शर्मा खरेलको बारम्बारको झकझकाइ र जोस्याइलो प्रेरणा नभएको भए शायद ममा यी सृजनधर्मका कार्यहरू जागृत हुने थिएनन् । कृतज्ञताका भावहरू अभिव्यक्त गर्दा यति नै भनौंहोला ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अजीर्ण र मञ्जरीको शब्दार्थ खुलिसकेको छ। यो नेपाली वैद्य समुदायका मात्र नभएर अक्षरकर्मीहरूमा समेत प्रचलित भएको कुरा नेपाली साहित्यको विकासक्रमलाई अनुशीलन गर्दा थाह हुन्छ । चाहे त्यो पलाण्डुप्रशंसा होस्, ज्वरोत्पत्ति चिकित्सा होस् अथवा कवि शिखरनाथको शिखरनाथ भाष्य होस् आयुर्वेदीय विधाले नेपाली साहित्यमा स्थान पाएकै छ। नेपाली साहित्यका प्रखर साधक एवं भाषाशास्त्री बालकृष्ण पोखरेलले नेपाली गद्य साहित्यको ऐतिहासिक संगालो '**पाँच शय वर्ष**' मा तीनवटा बेनामी अजीर्णमञ्जरी संकलन गर्नुभएको छ। ती मध्ये एउटा संवत् १४५० पूर्वको छ, अर्को संभवतः गंगाविष्णुद्विजमा आधारित भनिएको १८२१ संवत्को छ । त्यस्तै १८३० पूर्वको भनिएको अजीर्णमञ्जरी पनि उक्त संगालोमा छापिएको पाइन्छ। यी सबै वीर पुस्तकालयबाट संकलित गरिएको कुरा त्यहाँ उल्लेख गरिएको छ। समाजमा जे प्रचलित हुन्छ त्यो साहित्यमा अथवा वाङ्मयका विविध विधाका लेखनमा आउनेगर्दछ। नेपाली समाजमा अजीर्णमञ्जरी लोकप्रिय नभएको भए यस्तो हुँदैनथ्यो होला।

'आयुर्वेद का वैज्ञानिक इतिहास' का लेखक एवं आयुर्वेदका मनीषी आचार्य प्रियव्रत शर्माले अजीर्णमञ्जरीको एउटा पाण्डुलिपि राजानक भगवन्तकृत सुवोधिनी व्याख्याका साथ रहेको बताएका छन् जसको लिपिकाल संवत् १८८३ छ। अजीर्णामृतमञ्जरी नामको अर्को कुनै कृतिको नाम पनि सुनिएको छ यद्यपि यसको आकार दर्शन भने मैले गर्न पाएको छैन।

यी सवै कुरालाई मध्यनजर गर्दा अजीर्ण मानव स्वास्थ्यका लागि अत्यन्त महत्वपूर्ण र चिन्तनीय विषय हो । शायद यसैले गर्दा हुनसक्छ यो वैद्यकसमाजबाट समाजका हर तह र तप्कामा विस्तारित हुनपुग्यो । यसैको फलस्वरूप हामी अजीर्णमञ्जरी चर्चित भएको पाउँछौ । अजीर्णमञ्जरीको उपादेयता यसैबाट सिद्ध हुन्छ ।

आयुर्वेद समृद्ध र सम्पूर्ण विधा हो। यसले धर्म, दर्शन, विज्ञान, समाजशास्त्र, कला एवं साहित्यका विविध पाटाको अनुशीलन गर्छ र सुस्वास्थ्यको परिकल्पना गर्छ। पुरूषार्थचतुष्टयको सिद्धिको सामर्थ्य राख्छ। तथापि आधुनिकताको नाउँमा पश्चगामी पश्चिमीकरण या विज्ञान प्रविधिको विकासको नाउँमा पूर्वीय ज्ञान र दर्शनको पलायन अहिलेको हाम्रो विडम्बना हो र हाम्रा यस्ता अमूल्य निधिहरू संग्रहालयमा प्रदर्शनका लागि सुरक्षित हुनपुगे, पुस्तकालयका दराजमा आरक्षित हुनपुगे र अभिलेखालयको संरक्षणको क्रममा माइक्रोफिल्ममा बन्द हुनपुगे। आफ्ना सन्तानलाई विदेश पठाउन अंग्रेजी पढाउनैपऱ्यो। अंग्रेजी पढेका सन्तानले पश्चिमको दिनको २५ घण्टासम्मको व्यस्तता पनि बेहोर्नैपऱ्यो र मिलनसारिताको नाममा आफ्ना सारा संस्कृति र पुरातात्विक सौन्दर्यलाई वीभत्स रूप दिन पनि तयार हुनै पऱ्यो । यही

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

चंगुलमा परेर थुनिनपुगेको रहेछ अजीर्णमञ्जरी राष्ट्रिय अभिलेखालयको माइक्रोफिल्म रील नं A 212/14 मा । यो र यसका साथै अनुपानमञ्जरी A 950/22 मा थन्किएको रहेछ । यी दुवै ग्रन्थलाई सम्पादन र समसामयिक नेपाली भाषामा प्रस्तुत गर्न मलाई भित्रभित्रै कुतूहल जाग्यो र अभिलेखालयको सूचनाबमोजिम केही प्रयासका पाइलाहरू चालिए । मलाई यो अवसर प्राप्त भएकोमा राष्ट्रिय अभिलेखालयप्रति कृतज्ञ हुनु मेरो पहिलो कर्तव्य हो ।

अजीर्णमञ्जरीकै सन्दर्भमा म विभिन्न बुढापाका वैद्यहरू एवं अग्रज आयुर्वेद चिकित्सकहरूसमक्ष पुगें । भारतको दिल्ली, मध्यप्रदेश, राजस्थान र गुजरात पुगेका बेलामा भेटिएजति सान्दर्भिक व्यक्तिसँग सोधपुछ गर्ने एवं जिज्ञासा राख्ने पनि गरें । कसैले नाम सुनेको बताए, कसैले पढेको पनि बताए तर संकलित पुस्तकको आकार भने देख्न पाइएन । बनारसको चौखम्बा प्रकाशनबाट प्रकाशित भएको थाह पाएर सोध्दा अहिले सो अप्राप्य भएको थाह भयो । २०७२ सालको भूकम्पले हाम्रा पुस्तकालयहरूमा भएको हविगत यहाँ मैले दोहोऱ्याउनुपरोइन । अन्ततः पुनः सृजना गर्नु श्रेयस्कर ठहराएर मैले यो अजीर्णमञ्जरीको सम्पादन कार्य शिवसंकल्पका साथ शुरु गरेको हूँ ।

अभिलेखालयबाट प्राप्त माइक्रोफिल्म रील नं A 212/14 को अजीर्णमञ्जरी र A 950/22 मा रहेको अजीर्णमञ्जरी तथा अनुपानमञ्जरी दुवैको मूलपाठको आधारमा मैले प्रतिलिपि उतार्ने कोशिस गरेको छु । पुराना लिपिको अज्ञानता र हस्तलेखनको अस्पष्टतासित कनिकुथी गर्दा अन्तर्हृदयले जेजस्तो निर्णय र ज्ञानको आभास गऱ्यो त्यही नै यस सम्प्राप्तिको सार हो भन्ने मलाई लाग्दछ ।

A 212/14 को माइक्रोफिल्ममा अस्पष्ट अक्षर भए पनि त्यसमा पुरानो बेनामी नेपाली टीका थियो । त्यस टीकालाई जस्ताको तस्तै राख्न यसमा प्रयास गरिएको छ । टीकाकारले आफ्नो परिचय दिएका छैनन् । यो हाम्रा पुर्खाहरूको महान् उदारता पनि हो र इतिहासको अज्ञानताको लागि कारण पनि हो । जसले अप्राप्य ग्रन्थलाइ सारेर आफ्ना पत्रहरूमा संरक्षित गरे, जसले तत्काल प्रचलित नेपाली भाषामा टीका लेखेर आफ्ना सन्ततिहरूलाई अध्ययनका लागि बोधगम्यता र सौकर्य प्रदान गरे ती महान् पुर्खासामू नतमस्तक हुनुभन्दा अरू केही उपाय भएन । अभिवादन गर्दा अभिवादनीय पात्रको सम्बोधन र आफ्नो परिचय दिनुपर्ने वैदिक संस्कृति हुँदाहुँदै पनि ती पुर्खाको परिचय पाउन नसक्ता मनमा जति खिन्नता प्रकट भए पनि त्यस महान् कार्यले दिएको उपलब्धिले गर्दा प्रसन्नता पनि त्यत्तिकै प्रकट गरेको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

मूल संस्कृतका ग्रन्थकारको बारेमा टीकाकारले कासिराज या काशिराजले बनाएको भन्ने कुराको संकेत ग्रन्थको आरम्भ र अन्त्यमा खोलिदिएका छन् । सम्वत् १८८८ साल मिति श्रावण वदी २ उल्लेख गरी टीकाकारले आफूले प्रतिलिपि बनाएको र टीका लेख्ने कार्य सम्पादन गरेको पनि जनाएका छन् । उनले आफ्नो परिचय नदिए पनि मूल ग्रन्थकारको नामसम्म लेखिदिएर भए पनि ठूलै गुन लाइदिएका छन् । ग्रन्थ भने पनि, ग्रन्थिका भने पनि, पुस्तिका भने पनि यसको विषयगत महत्वलाई मध्यनजर गरेर म ग्रन्थ नै भन्न रुचाउँछु । किनभने यसमा १७६ किसिमका वस्तुको अजीर्ण र त्यसबाट छुटकारा पाउने उपायको वर्णन गरिएको छ । ग्रन्थको २७ औं श्लोक यस्तो छ–

उष्णेन शीतं शिशिरेण चोष्णमम्लेन च क्षारगणो गुणाय ।।
स्नेहेन तीक्ष्णं वमनातियोगे सिता हिता स्यादिति काशिराजः ।।

श्लोकको अन्तिम पाउले यस ग्रन्थका ग्रन्थकार काशिराज नाउँका रहेछन् भन्ने थाह हुन्छ । अचार्य प्रियव्रतले भने काशीनाथ नाम उल्लेख गरेका छन् । राज र नाथ जे भए पनि उनको नामभन्दा काम बढी उजागर भएको छ यहाँ । हार्दिक अभिनन्दन छ ग्रन्थकारलाई ।

मूल संस्कृतभाषाको आधारमा मैले आफ्नो प्रतिज्ञा नेपाली भाषाटीकालाई प्रस्तुत गरेको छु । यसो गर्दा पुर्खा टीकाकारको अर्थमा कतै कतै अन्तर परेको अवस्थामा त्यस्ता ठाउँमा पादटिप्पणी राखी खुलाएको छु । सहजबोधका लागि परिशिष्टमा ग्रन्थमा उल्लेख गरिएअनुसारका अजीर्ण भएका वस्तुहरूको लागि फाइदा गर्ने कुरा वा पथ्यहरूको सूची तथा विशेष शब्द र अर्थहरूको सूची समेत राखिएको छ । सम्पादन कार्य कहिल्यै पूरा हुँदैन । यो निरन्तर चलिरहने प्रक्रिया हो । मलाई बारबार सम्पादन कार्यमा सहयोग सुझाव एवं परिमार्जन गर्ने कार्यमा मेरा भ्रातृकल्प श्रद्धेय गुरूपुत्र डा. काशीराज शर्मा सुवेदीको यस कार्यमा निकै ठूलो सहकार्य छ । डा. शेषराज आचार्य, मायादेवी गौतम लगायत नाम छुटेका सबैलाई पुनः यथोचित भन्दै सम्पादन एवं टीकालेखनमा भएका स्खलनहरूलाई विज्ञ पाठक एवं समीक्षकहरूले समाधान र क्षमादान दुवै दिनुहुनेछ भन्ने कुरामा म किन ढुक्क छु भने यो मेरो प्रथम प्रयास हो र प्रथम प्रयास गर्ने जुनसुकै उमेरको पनि बालक नै हुन्छ । टीकाकारको रूपमा आउन मलाई पहिलो विम्बको उपस्थिति दिने प्रतिज्ञालाई अन्तःस्थमा आसन दिँदै यस अजीर्णमञ्जरीको प्रसंगलाई यहीँ बीट मार्न चाहन्छु ।।

डा. छत्रपति दाहाल

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

विषयसूची

क्रम	विषय	श्लोकांक	पृष्ठांक
१.	उपोद्घात		
२.	शुभाशंसा		
३.	पृष्ठभूमि		
४.	मंगलाचरण	१	१
५.	नरिवल, आँप, घिउ, केरा, गहुँ, मासु, सुन्तला र पिँडालुको पाक	२	२
६.	पिसेको अन्न, चिरौजी, मास, दुध, बयर, काँचो आँप, माछा, मदिरा, कमलगट्टाको पाक	३	२
७.	कटहर, केरा, घिउ, ज्यामिरका रस र नुनको पाक	४	३
८.	नरिवल, ताडको बियाँ र चामलको पाक	५	४
९.	दारिम, अमला, ताडफल, निम्वु, बिमिरो, लवलीफलको पाक	६	४
१०.	महुवा, बेल, खिर्नी, फर्सा, खर्जूर, कत्था, घिउ र महको पाक	७	५
११.	गहूँ मास, चना, केराउ, मूँगी, खजूरी, कमलकन्द, कसेरु, मिश्री, दाख, महुवाको पाक	८	५
१२.	मासु, कटहर, खिऱ्त्रो, भैंसीको दुध, चिउरा, दालको पाक	९	५
१३.	कपूर, सुपारी, पान, केशर, जाईफल, जाईपत्री, कस्तूरी, शिलारस, नरिवलको पानीको पाक	१०	६
१४.	सामा, नीवार, गहत, षष्टिक, बोडी, भटमास, कागुनू, अमिली र आँपको पाक	११	६
१५.	कसेरु, सिंगडा, कमलकन्द, दाख, छोहोरा, खुँदो/सख्खर, उखुको रसको पाक	१२	७
१६.	घिउ, तेल, कटहर, अमलाको पाक	१३	७
१७.	माछामासुको पाक	१४	८
१८.	मालेवा, परेवा, मुजुर, भद्राइका मासुको पाक	१५	८
१९.	सिखरिणी, गाईको दुध, भैंसीको दुधदहीको पाक	१६	९
२०.	बारा, फिनी, गुडपाप्री, लड्डू, मालपुवा, रोटी, सेल, खास्तापुरी, मनभोग र पक्वान्नको पाक	१७	९
२१.	दुम्सी, गोहोरो, गैंडा, कछुवाको मासु र आरनालको पाक	१८	१०

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

२२.	दीर्घकालोपपन्न पानीको अजीर्ण	१९	११
२३.	पालुंगो, नाडीशाक, करेला, भिँडा, तामा, मूला, पवइ, लौका, परवर आदि सागको पाक	२०	११
२४.	केराउ, सुन्तला, ज्यामिर, मदिरा आदिको पाक	२१	११
२५.	परवर, तामाटुसा, करेला, लौका आदिको पाक	२२	१२
२६.	सूरण, आलु/तरुल, हलेदो, चूनको पाक	२३	१२
२७.	बन्धूक, सर्सिउँ, बेथे र सागहरूको पाक	२४	१२
२८.	अमारो, डुम्री, पिप्पल, पाखरी, वर आदिका फल र चिरौजीको मज्जाको पाक	२५	१३
२९.	चिल्लो पदार्थको अजीर्ण, अतिसारको बह, मासको मस्यौरा र अमिलीको पाक	२६	१३
३०.	उष्णपदार्थ, शीतपदार्थ, अमिलो, चिल्ला वस्तुको र वमनको पाक	२७	१४
३१.	पानको चूनले मुख पोलेमा	२८	१४
३२.	नस्यजरोग, अञ्जनजन्यरोग, धूमगद र अत्यधिक अश्रुविरेचन भएमा	२९	१५
३३.	थकाइको कारणले हुने अजीर्ण, सम्भोगपछिको थकाइ र सम्भोगको अतिरेकमा	३०	१५
३४.	कर्णपूरणजन्य र कवलजन्यरोगमा	३१	१६
३५.	खर्बुजो, तर्बुजो, काँक्रो, फर्सी, कुभिण्डोको पाक	३२	१६
३६.	स्त्रीसम्भोगजन्य एवं विलासजन्य विकारमा	३३	१६
३७.	मदिरा नलाग्ने मद्यगन्ध हटाउने उपाय	३४	१७
३८.	कोदाको र धतुराको मात लागेमा	३५	१७
३९.	सुपारीको मात लागेमा	३६	१७
४०.	ऊँट, हात्ती, घोडा चढेर जिउ दुखेकोमा र पैदल हिँडेर जिउ दुखेकोमा	३७	१८
४१.	भांगको मद लागेमा, अफिमको मद लागेमा, विष लागेमा, मदिरा लागेमा र दुध लागेमा	३८	१८
४२.	ऋतुअनुसार वातपित्तकफको उत्पत्ति, वृद्धि तथा नाश	३९	१९
४३.	कहिल्यै रोग नलाग्ने उपाय	४०	१९
४४.	परिशिष्ट		२१
४५.	ग्रन्थमा उल्लेख गरिएअनुसारका अजीर्ण भएका वस्तुहरूको लागि फाइदा गर्ने कुरा वा पथ्यहरूको सूची		३०
४६.	विशेष शब्द र अर्थहरू		३६
४७.	सन्दर्भ ग्रन्थहरू		४५

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

श्रीरामचन्द्राय नमः ॥

मंगलाचरण

यो रावणं रणमुखे भुवनैकभारं हृत्वा चकार जगतः परमोपकारम् ॥

यो ब्रह्मवारि विदधे जलधेः[1] सुपारं तन्नौमि मैथिलसुताहृदयैकहारम् ॥१॥

श्रीमाहामंगलमूर्त्तये नमः ॥ जन्ले पृथ्विको भार गर्न्या रावनकन संग्रामविषे मारि जगत्को वडो उपकार गर्दाभया ॥ जन्ले वानर्हरूको फौदसमेत व्रह्मस्वरूपि समुद्रजलका पार हेलैले गर्दाभया ॥ सिताका हृदयका हारजस्ता भयाका एस्ता श्रीरामचन्द्रकन नमस्कार गरि कासिराजनामा ग्रन्थकार जो छं अजिर्णमंजरि नाउ भयाको ग्रन्थ बनाउँदछन् ॥१॥

प्रतिज्ञाः–जुनसुकै कार्यको पनि प्रारम्भ, मध्य र समाप्तिपछि मंगलाचरण गर्ने शिष्ट परम्परा अनुसार 'अजीर्णमञ्जरी' नामक प्रस्तुत ग्रन्थका ग्रन्थकार काशिराज सर्वप्रथम 'श्रीरामचन्द्राय नमः' भन्दै भगवान् श्रीरामचन्द्रको वन्दना गर्दछन् । ग्रन्थ निर्विघ्नतापूर्वक रचना गर्न सकियोस् भनेर प्रारम्भमा, प्रारम्भ भई कार्य अगाडि बढिरहेको अवस्थामा ग्रन्थ पूर्ण गराउन सकियोस् भनेर मध्यमावस्थामा, ईश्वरको कृपाले र ग्रन्थकारको आफ्नै प्रयत्नले पूर्ण भएको ग्रन्थलाई सम्बन्धित सबैले अध्ययन गरी लोकजीवनमा असल स्वास्थ्यको स्थापनाका लागि योगदान पुऱ्याउन् भन्ने मंगलकामना गर्नु नै मंगलाचरणको प्रयोजन हो ।

श्रीरामचन्द्राय नमः

भगवान् श्री रामचन्द्रलाई नमस्कार छ ॥

जसले युद्धमा पृथ्वीको एकमात्र भार बनेर आएको रावणलाई रणमैदानमा मारेर जगत्को परम उपकार गर्नुभयो, जो ब्रह्मस्वरूपको वारि गंगा र साथै अपार समुद्रको जलबाट समेत सहजै पार हुन र लगाउन सक्तछन्, जो मैथिलसुता मिथिलाकी राजकुमारी सतीशिरोमणि सीताका हृदयका एकमात्र हारको रूपमा शोभायमान छन् त्यस्ता मर्यादापुरूषोत्तम भगवान् श्री रामचन्द्रलाई म नमस्कार गर्दछु ॥१॥

१ 'यो ब्रह्मवारिदधिरे परतोऽपि पारम्' इत्यपि पाठान्तरं दृश्यते ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

नरिवल, आँप, घिउ, केरा, गहुँ, मासु, सुन्तला र पिंडालुको पाक

नारीकेलफलेषु तण्डुलमथ क्षीरं रसाले हितम् ।
जम्वीरोत्थरसो घृते समुचितं सर्पिस्तु मोचाफले ॥
गोधूमेषु च कर्कटी हिततमा मांसात्यये काञ्जिकम्[२] ।
नारंगे गुडभक्षणं च कथितं पिण्डालुके कोद्रवम् ॥२॥

नरिवलका गरिका कुपथ गऱ्यामा चावल षाया पाक हुंछ । आपले कुपथ गऱ्यामा दुद षाया पाक हुंछ । घेउले कुपथ गऱ्यामा ज्यामिर आदि गऱ्याका अमिलाले पाक हुंछ । केराले कुपथ गऱ्यामा घेउ षाया पाक हुंछ । गहुँले कुपथ गऱ्यामा काँक्रोले षाया पाक हुंछ । मासुले कुपथ गऱ्यामा दहिका पानिले पाक हुंछ । नारंगी- कमला सुंतलाले कुपथ गऱ्यामा गुडले पाक हुंछ । पिंडालुले कुपथ गऱ्यामा कोदो षाया पाष हुंछ ॥२॥

नरिवलका फलको कुपथ भएमा चामल खाएपछि पाक हुन्छ । आँपका फलले कुपथ गरेमा दुध खाएपछि हित गर्दछ । घिउले कुपथ गरेको भए जम्वीर वा ज्यामिरको रसले उचित पाक गर्दछ । मोचाफल अर्थात् केराले कुपथ भएमा घिउले पाक गर्दछ । गहूँले कुपथ गरेको भए कर्कटी अर्थात् काँक्रोले हित गर्दछ । मासुले कुपथ गरेको भए काञ्जी वा काञ्जिकले पाक गर्दछ नारंग अर्थात् सुन्तलाले कुपथ गरेको छभने गुडभक्षण गर्नाले (गुड खानाले) पाक हुन्छ । त्यसैगरी पिडालुले कुपथ गरेको छ भने कोद्रव अर्थात् कोदो खानाले हित हुन्छ भनिएको छ ॥२॥

पिसेको अन्न, चिरौजी, मास, दुध, बयर, काँचो आँप, माछा, मदिरा, कमलगट्टाको पाक

पिष्टान्ने सलिलं, प्रियालफलजे पथ्या हिता, माषजे-
खण्डं, क्षीरभवे तु तक्रमुचितं, कोष्णाम्वु कोलाम्रजे ।
मत्स्ये चूतफलं त्वजीर्णशमनं, मध्वम्वु[३] पानात्यये
तैलं पुष्करजे कटु प्रशमनं शेषांस्तु बुद्धया जयेत् ॥३॥

---

२ यहाँ पूर्वटीकाकारद्वारा 'काञ्जिक' को अर्थ दहीको पानी लगाएको देखिन्छ । वस्तुतः आयुर्वेदीय रसशास्त्रमा काञ्जी वा काञ्जिक भन्नाले धान आदि अन्नलाई केही दिन सन्धान गरेर छानिएको अमिलो तरलपदार्थ भनेर बताइएको छ ।

३ मह घोलिएको पानी ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पिश्याका अन्नले कुपथ गऱ्यामा वासि चिसा पानिले पाक हुंछ। चिरौंजिले कुपथ गऱ्यामा हर्रा़ले पाक हुंछ। मासले कुपथ गऱ्यामा षाडले पाक हुंछ। दुदले कुपथ गऱ्यामा महिले पाक हुंछ। वयरले, काचा आपले कुपथ गऱ्यामा तातापानिले पाक हुंछ। माछाले कुपथ गऱ्यामा आपका कोईलाले गर्छ। वहुत पानि षाई कुपथ गऱ्यामा मह षाया पाक हुंछ अथवा मदिराले कुपथ गऱ्यामा महमा पानि मिसि खाया पाक हुंछ। कमलगताले कुपथ गऱ्यामा कडुवा तेल षाया पाक हुंछ। शेष आफ्ना बुद्धिले जांनु ॥३॥

पिसिएका अन्नले कुपथ भएमा पानीले पाक हुन्छ। चिरौंजीले कुपथ गरेमा हर्रोले पाक गर्दछ। माषले कुपथ गरेको भए खुँदो/सख्खरले पाक हुन्छ। दुधले कुपथ गरेको भए तक्र अर्थात् मही उचित हुन्छ। बयरले, काँचा आँपले कुपथ गरेको भए कोष्णाम्वु अर्थात् मनतातो पानीले पाक हुन्छ। मत्स्य अर्थात् माछाले कुपथ गरेको भए चूतफल अर्थात् आँपको फलले अजीर्णशमन गर्दछ। पानात्यय अर्थात् अत्यधिक मदिरा खाएर कुपथ भएको भए मध्वम्वु अर्थात् महपानी वा महमा पानी मिसेर खाएमा पाक हुन्छ। पुष्करज अर्थात् कमलगट्टाले कुपथ गरेको भए कडुवा तेल (तोरीको) खाएमा पाक हुन्छ। यसबाहेक शेष रहेका कुरा आफ्नै बुद्धिले विचार गरी कुपथबाट विजय प्राप्त गर्नुपर्दछ ॥३॥

कटहर, केरा, घिउ, ज्यामिरका रस र नुनको पाक

पनसे कदली कदलीषु घृतं घृतपाकविधावपि जंभरसः ॥
तदुपद्रवशान्तिकरं लवणं लवणेषु च तण्डुलवारि वरम् ॥४॥

कतहरले कुपथ गऱ्यामा केराले पाक गर्दछ। केराको पाक घेउले गर्दछ। घेउको पाक ज्यामिरको रसले गर्दछ। ज्यामिरका रसको पाक नुनले गर्दछ। नुनको पाक चौलानिले गर्दछ ॥४॥

कटहरले कुपथ गरेको भए केराले पाक गर्दछ। केराले कुपथ गरेको भए घिउले पाक गर्दछ। घृतपाक अर्थात् घिउको अजीर्णलाई पाक गर्नुपर्ने भए जम्भरस अर्थात् ज्यामिरको रसले पाक गर्दछ। त्यसैगरी ज्यामिरका रसको उपद्रवलाई नुनले पाक गर्दछ। नुनको पाकका लागि चौलानी श्रेष्ठ हुन्छ ॥४॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

नरिवल, ताडको बियाँ र चामलको पाक

नारिकेलफलतालबीजयोः पाचनं यदिह तण्डुलं विदुः ॥
ते वदन्ति मुनयोऽथ तण्डुलं क्षारवारि[४] परिपाचयत्यपि ॥५॥

नरिवलको र ताडफलको पाक चावलले गर्छ भनि चरकादि ग्रन्थकारि भन्याको छ। तनैले चावलको पाक जवषारको पानिले गर्छ अथवा लप्सिले गर्छ। अथवा षार हुन्या अपामार्गका रसका क्वाथले गर्छ भंछ ॥५॥

नारिकेलफल (नरिवल) र तालबीज (ताडको बियाँ)लाई पाचन गर्नुपर्ने भएमा चामलले गर्दछ, त्यसैगरी चामललाई पाक गर्नुपर्‍यो भने यवक्षार वा क्षारपानीले परिपाक गर्दछ भनेर आयुर्वेदज्ञ मुनिहरूले बताएका छन् ॥५॥

दारिम, अमला, ताडफल, निम्बु, बिमिरो, लवलीफलको पाक

दाडिमामलकताललतिण्डुकीबीजपूरलवलीफलानि वै ॥
बाकुलं[५] फलमतीव पाचयेत्पाकमेति बकुलं स्वमूलतः ॥६॥

दारिम, अवला, ताडफल, निंवु, विमिरा, लवलिः एसैलाई मधेसमा हर्फालेवदि भंछ। एतिको पाक अस्वकवृक्षफलले गर्छ। अस्वकफरका पाक तसैका जराले गर्छ ॥६॥

---

४ क्षारको पानी। यहाँ जौको क्षार र अपामार्गक्षारको उल्लेख छ। क्षार अजीर्णका लागि हितकारी हो। जौको क्षार बनाउनुपर्‍योभने बाली पुष्ट भएको अवस्थाको जौलाई उखेलेर सफा गरी सुकाउनुपर्छ। त्यसपछि सफा ठाउँमा राखी आगो लगाएर जलाउनुपर्छ। आगो निभेपछि त्यहाँ तयार भएको खरानीलाई सफा पानीमा डुबाउनुपर्छ। यसो गर्दा क्षारको भाग पानीमा घोलिन्छ र खरानीको भाग थिग्रिन्छ। थिग्रिएको भ्रगलाई पनि पानीमा डुबाउँदै पटक पटक छान्दै गर्दा त्यहाँ भएको क्षारको बाँकी भाग पनि जम्मा गर्न सकिन्छ। अब क्षार घोलिएको पानीलाई वाष्पीकरण गरिदिएपछि जौको क्षार यवक्षार तयार हुन्छ। यसैगरी अपामार्ग आदिको क्षार पनि बनाउन सकिन्छ। क्षारलाई अलि फिका वा हल्का बनाउनुपरेमा अथवा प्रयोग गर्न सजिलो बनाउनुपरेमा पानी मिसाएर प्रयोग गर्नसकिन्छ। यसैलाई क्षारवारि भनिएको हो। पूर्वटीकाकारले लप्सी पनि भनेका छन्। क्षारवारिले लप्सीलाई जनाउँदैन। लप्सीको पर्यायवाची नाम बहुवारक हो कि भन्ने हो भने पनि यहाँ यो शब्द छन्दोभंगकारक छ। अतः यहाँ क्षारवारि नै उपयुक्त शब्द हो।

५ पूर्वटीकाकारले 'बाकुलं' र 'बकुलं' को अर्थ अस्वकफल लगाएका छन्। 'अस्वक' शब्दले अश्वकलाई संकेत गरेको हो कि अशोकलाई अथवा अरूलाई हो यहाँ बुझिंदैन। प्रस्तुत पद्यमा पहिले बाकुलं फलं भनिएको छ। 'बकुलस्य इदं बाकुलम्' भनेर बकुलको फल अर्थ लगाउन सकिन्छ। बकुल भनेको मौलसिरी हो। टीकाकारको अस्वक फलको संकेतको समाधानका लागि विद्वानूहरूको ध्यान आकृष्ट होस् भन्ने अपेक्षा गरिएको छ। बकुललाई अशोक मान्ने विचार अमरकोशको पंक्ति(बकुलो वञ्जुलोऽशोके –बनौषधिवर्ग ६४ श्लोक)बाट आएजस्तो छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

दारिम, अमला, ताडफल, निम्बु, विमिरो, लवलीफल वा हर्फा रेवडी यी ६ वस्तुको पाक वाकुल या मौलसिरीको फलले गर्दछ । मौलसिरीफलको पाक मौलसिरीकै जराले गर्दछ ॥६॥

महुवा, बेल, खिर्नी, फर्सा, खर्जूर, कत्था, घिउ र महको पाक

मधूकमालूरनृपादनानां परूषखर्जूरकपित्थकानाम् ॥

पाकाय पेयं पिचुमन्दबीजं घृतेपि तक्रेपि तदेव पथ्यम् ॥७॥

महुवा, वेल, खिनि, फर्सा, षजूर, कैथ एतिको पाक निमको फल घोति पिउनु पाक गर्छ। घेउको, महिको पाक पनि निमका फलले गर्छ ॥७॥

महुवा, बेल, खिर्नी, फर्सा, खजूर, कत्था यी वस्तुको पिचुमन्दबीज अर्थात् नीमको फल घोटी पिएमा पाक हुन्छ । त्यसै गरी घिउ र महीका लागि पनि त्यही नै पथ्य हुन्छ ॥७॥

गहूँ मास, चना, केराउ, मूँगी, खजूरी, कमलकन्द, कसेरू, मिश्री, दाख, महुवाको पाक

गोधूममाषहरिमन्थसतीनमुद्‌गपाको भवेज्झटिति मातुलपुत्रकेण ॥

खर्जूरिकाविसकसेरुसितासु शस्तं शृंगाटकं मधुफलाष्वपि भद्रमुस्तम् ॥८॥

गहु, मास, चाना, केराउ, मुगि एतिको कुपथ गर्‍यामा धतुराका वियाले पाक हुंछ । खजूरि, कमलको गाना, कसेरु, चिनि एतिको पाक सिंगाराले गर्छ दाकको अथवा महुवाको पाक नागरमोथाले गर्छ ॥८॥

गहूँ, मास, चना, केराउ, मूँगी यी खानेकुराहरूको कुपथ भएमा धतुराको बियाँले तुरुन्त पाक गर्दछ । खजुरी, कमलको गाना, कसेरु मोथे, चिनी या मिश्री यतिको पाक सिंघडाले राम्रोसित गर्दछ । दाख या महुवाको पाक नागरमोथेले गर्दछ ।

मासु, कटहर, खिन्रो, भैंसीको दुध, चिउरा, दालको पाक

पिशितपनसयोः स्यादाम्रबीजेन पाकः
कृशरमहिषयोषित्क्षीरयोः सैन्धवेन ॥
चिपिटपरिणतिः स्यात्पिप्पलीदीप्यकाभ्या-
मपहरति तुषाम्भो[६] वैदलानामजीर्णम् ॥९॥

---

६ यसलाई तुषोदक पनि भनिन्छ । जौको भूसलाई तुष भनिन्छ । भूस अर्थात तुषसमेतको जौलाई भिजाएर सन्धान (Fermentation) गरिएकोले यसलाई तुषोदक वा तुषाम्भ भनिएको हो । तुषाम्भ अग्निदीपक हुन्छ । सामान्यतया तीन दिन सन्धान गरेपछि तुषाम्भ तयार हुन्छ । निस्तुष जौ अर्थात् भुस उडाएको जौलाई भिजाई सन्धान गरेर तयार गरिएकालाई चाहिं सौवीर भनिन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

मास, कटहरको पाक आपका कोईलाले गर्छ। षिच्रो, भैसिका दुधको पाक सिन्धानुनले गर्छ। चिहुराको पाक पिपला अजमोराले गर्छ। द्विदर भयाकि मास मसुरादि तन्को पाक भुसका भीगामा तताायाको पानिले तुषांभले गर्छ। दलि भूस मूसीतको जउ पानिमा राषनु तिन दिनपछि त्यो तुषांभ कहिंछ ॥९॥

मासु र कटहरको पाक आँपका कोयाले गर्छ । खिच्रो वा खिचडी र भैंसीका दुधको पाक सैन्धवलवण अर्थात् सिधेनुनले गर्दछ । चिउराको पाक पिप्ला र अजमोदाले गर्दछ । द्विदल भनिने मास, मुसुरो आदि दुई दल (दिउल) हुने दलहनको पाक तुषाम्भले गर्छ । जौको तुष अर्थात् भूससमेतको जौलाई तीन दिनसम्म पानीमा भिजाएर राखेपछि त्यस्तो पानीलाई तुषाम्भ भनिन्छ ॥९॥

कपूर, सुपारी, पान, केशर, जाईफल, जाईपत्री, कस्तूरी, शिलारस, नरिवलको पानीको पाक

कर्पूरपूंगीफलनागवल्लीकाश्मीरजातीफलजातिकोशम् ॥

कस्तूरिकासिल्हकनारिकेलजलं पचत्याशु समुद्रफेनः ॥१०॥

कपूर सुपारि, पान, केशर, जाईफल, जाइपत्रि, कस्तुरि, शिलारस, नरिवलको दुत एतिको पाक समुद्रफेनले गर्छ ॥१०॥

कपूर, सुपारी, पान, केशर, जाइफल, जाइपत्री, कस्तूरी, शिलारस, नरिवलको पानी यी सबैको पाक समुद्रफेनले छिटो गर्दछ ॥१०॥

सामा, नीवार, गहत, षष्टिक, बोडी, भटमास, कागुनू, अमिली र आँपको पाक

श्यामाकनीवारकुलत्थषष्टीनिष्पावकंगूः दधिमण्डक[७]स्तु ।

चिञ्चाकुलत्थौ तिलतैलयोगाज्जटाब्धिनादस्य[८] निहन्त्यथाम्रम् ॥११॥

---

७ दधिमण्डक भनेको दहीको मस्तु हो । मस्तु भनेको दहीको पानी हो । दहीको तर भनेको दहीको माथिल्लो भागमा रहेको बाक्लो चिल्लो भाग हो जसलाई दधिसर पनि भन्दछन् । प्रस्तुत पद्यमा रहेको दधिमण्डक शब्दले दहीको तर होइन दहीमा तहरिएको पानी अर्थात् दहीको पानीलाई बुझाउँछ ।

८ 'जटाब्धिनादश्च' यस्तो पाठ उपयुक्त हुन्छ । अब्धि समुद्र हो र मेघ समुद्रबाटै उठ्ने भएकोले मेघनाद अर्थ उचित हुन्छ । टीकाकारले यहाँ मोथेको जरालाई पनि जोडेका छन् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सामा, बनमा आफैं भयाको धान, गहत, साठि दिनमा पाकन्या धान, बोडि, भतमास, कागुनु एतिको पाक दहिका तरले गर्छ। अमिरिको र गहतको पाक तिलतेलले गर्छ। आमको पाक मोथ्याका जराले गर्छ अथवा लुहुद्याले गर्छ ॥११॥

सामा, बनमा आफैं उम्रेर फलेको नीवार धान, गहत, साठी दिनमा पाक्ने षष्टिक धान, बोडी, भटमास र कागुनूको पाक दधिमण्डक या दहीको पानीले गर्दछ । अमिली र गहतको पाक तिलको तेलले गर्दछ । आँपको पाक मोथेको जरा वा लुडेले गर्छ ॥११॥

कसेरु, सिंगडा, कमलकन्द, दाख, छोहोरा, खुँदो/सख्खर, उखुको रसको पाक

कशेरुशृंगाटमृणालमृद्वीखर्जूरखण्डा अपि नागरेण ।

पलाशभष्माम्वु[९] तथार्द्रजो वा रसो निहन्याद्रसमिक्षुजातम् ॥१२॥

कसेरु, शिंगाडा, कमलको गाना, दाख, छोहरा, षाड एतिको पाक सुठाले गर्छ। उषुका रसको पाक अदुवाका रसले गर्छ । अथवा पलासका पातको भस्ममा पानि रयालि षानु पाक हुन्छ ॥१२॥

कसेरु, सिंगडा, कमलकन्द, दाख, छोहोरा र खुँदो/सख्खरको पाक सुठोले गर्दछ । उखुको रसको पाक अदुवाको रसले गर्दछ । अथवा पलाशका पातको भष्म पानीमा घोलेर खाए पनि उखुका रसको पाक हुन्छ ॥१२॥

घिउ, तेल, कटहर, अमलाको पाक

अम्लेन केनाप्यथवोषणेन कोष्णाम्वुना वा घृतमेति पाकम् ।

तिलादितैलान्यपि काञ्जिकेन सर्जस्य मज्जा पनसामलक्योः ॥१३॥

घेउको पाक अमिलाले अथवा मरिचादिका पिराले अथवा ताता पानिले गर्छ। तिल आदि गऱ्याका सबै तेलको पाक दहिका पानिले[१०] गर्छ। कटहरको र अमलाको पाक सल्लाका बिजका गुदिले गर्छ ॥१३॥

---

९ पलाशलाई क्षारश्रेष्ठ पनि भनिन्छ । पलाशभष्माम्वु भनेको पलाशको क्षार पानीमा मिसाएकोलाई भन्न खोजिएको हो । यसलाई पनि क्षार निर्माण विधि अनुसार पलाशपत्रको खरानीबाट तयार गरिन्छ ।

१० यहाँ काञ्जिकको अर्थ दहीको पानी भनिएको छ । काञ्जिकको अर्थ दहीको पानी नभई धान आदिलाई सन्धान गरी तयार गरिएको काञ्जी या धानको अमिलो अर्थ लगाउनुपर्दछ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

कुनै पनि अमिलो अथवा मरिचजस्तै पिरोले र मनतातो पानीले घिउको पाक गर्दछ। तिल र तोरी आदि सबै खालका तेलको पाक काञ्जिक वा धानको अमिलोले गर्दछ। सल्लाका बीजको मज्जा वा सल्लाको गुदीले कटहर र अमलाको पाक गर्दछ ॥१३॥

माछामासुको पाक

किमत्र चित्रं बहुमांसमत्स्यभोजी सुखी स्यात् परिपीय सुक्तम्[11] ॥

अत्यद्‌भुतं केवलमग्निपक्वमांसेन मत्स्यः परिपाकमेति ॥१४॥

गुडभन्दा दोबर मह, महभन्दा दोबर कांजि, कांजिभन्दा दोबर हिंग ई चार वस्तु नयाँ माताका भाडामा हालि तिन दिनसम्म भकारिभित्रका धानमा राषनु यो सुक्त कहिन्छ। एसैले बहुतै मासुमाछा षायामा परिपाक हुन्छ भनि यसमा क्या आश्चर्य छ। आगामा पोल्याका माछा षायाका पाक मासुले गर्छ यो पो बडो आश्चर्य छ ॥१४॥

ज्यादै माछामासु खाएर कुपथ भएको छभने शुक्तले पाक गर्दछ। यसरी शुक्तले पाक गरेकोमा आश्चर्य मान्नुपर्दैन। अद्‌भुत आश्चर्यजनक कुराचाहिं के हो भने केवल आगामा पोलेको मासुले माछाको परिपाक गर्दछ ॥१४॥

मालेवा, परेवा, मुजुर, भद्राइका मासुको पाक

कपोतपारावतनीलकण्ठकपिञ्जलानां पिशितानि जग्ध्वा।

काशस्य मूलं परिपीय पिष्टं सुखी भवेद् वा बहुशोऽनुभूतम् ॥१५॥

मालवा, परेवा, मयूर, भद्राइ एतिको मासु षाई अपच भयामा कासको जरो पिसि पानीमा रयालि पिउनु र तसै क्षणमा पाक हुन्छ। यो बहुतै वार वैद्यले अनुभव गर्‍याको छ ॥१५॥

मालेवा, परेवा, मुजुर र भद्राइको मासु खाएर कुपथ भएमा काँसको जरालाई घोटेर पानीमा घोली खाएमा पाक हुन्छ। यो धेरै वैद्यको अनुभूत कुरा हो ॥१५॥

---

११ शुक्त विभिन्न प्रकारका हुन्छन्। गुडशुक्त,मधुशुक्त आदि। गुड-माक्षिक-धान्याम्ल-मस्त्विक्षु द्विगुणं क्रमात्। त्रिरात्रं धान्यराशिस्थं शुक्तं चुक्रं तदुच्यते ॥–कैयदेवनिघण्टुः मद्यवर्ग ४०२। यन्मस्त्वादिशुचौ भाण्डे सगुडक्षौद्रकाञ्जिकम्। धान्यराशौ त्रिरात्रस्थं शुक्तं चुक्रं तदुच्यते ॥–चक्रपाणिः ॥ यहाँ पूर्व टीकाकारले सबभन्दा बढी हिङको उल्लेख गरेका छन्। यो विचारणीय छ किनभने हिङ फान्नका लागि मात्र हुनुपर्छ। कैयदेवनिघण्टुका अनुसार गुडभन्दा दोबर मह,महभन्दा दोबर काञ्जी, काञ्जीभन्दा दोबर मस्तु, मस्तुभन्दा दोबर उखु यिनलाई तीन दिनसम्म धानमा राखेपछि शुक्त तयार हुन्छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सिखरिणी, गाईको दुध, भैंसीको दुधदहीको पाक

व्योषै रसाला[१२] सुरभीपयस्तु मण्डेन कोष्णेन विपाकमेति ॥

शंखस्य चूर्णेन हयारिनारीपयोदधि क्षिप्रमुपैति पाकम् ॥१६॥

सिषर्णिको पाक सुठो, मरिच, पिपलाका चूर्णले गर्छ । गाइका दुधको पाक मनताता माडले गर्छ । भैंसिका दुददहिको पाक शंखचूर्णले चाँडै गर्छ ॥

सिखरिणी या रावडीको पाक त्रिकटु या सुठो मरिच र पिपलाको चूर्णले गर्दछ । गाईको दुधको पाक मनतातो माडले गर्छ । भैंसीका दुध र दहीको पाक शंखको चूर्णले छिटै गर्दछ ॥१६॥

बारा, फिनी, गुडपाप्री, लड्डू, मालपुवा, रोटी, सेल, खास्तापुरी, मनभोग र पक्वान्नको पाक

वटो वेशवारा[१३]ल्लवंगेन फेणी समं पर्पटः[१४] शिग्रुबीजेन याति ॥

कणामूलतो लड्डुकापूपसट्टादि[१५]पाको भवेच्छष्कुलीमण्डयो[१६]श्च ॥१७॥

---

१२ भैंसीको अमिलो दहीलाई सफा नरम कपडाले छानेर पानी तहऱ्याएर अम्वुरहित तुल्याई त्यसमा सख्खर/मिश्री मिसाएर राम्ररी घोल्ने । त्यसपछि त्यसमा दुईगुना दुध मिलाउने । वास्नाका लागि अलैंची, ल्वाङ्ग,कपूर र मरीच हालिदिने । यसलाई रसाला भन्दछन् जसलाई सर्वप्रथम भीमसेनले बनाएको र कृष्णले खाएको बताइन्छ । यसैलाई सिखरिणी पनि भनिन्छ ।

आदौ माहिषमम्लमम्बुरहितं दध्याढकं शर्करां । शुभ्रां प्रस्थयुगोन्मितां शुचिपटे किञ्चिच्च किञ्चित्क्षिपेत् ॥
दुग्धेनार्द्धघटेन मृण्मयनवस्थाल्यां दृढं स्रावयेत् । एलाबीजलवंगचन्द्रमरिचैर्योग्यैश्च तं योजयेत् ॥
भीमेन प्रियभोजनेन रचिता नाम्ना रसाला स्वयम् । श्रीकृष्णेन पुनः पुनरिमं प्रीत्या समास्वादिता ॥
एषा येन वसन्तवर्जितदिने संसेव्यते नित्यशस्तस्य स्यादतिवीर्यवृद्धिरनिशं सर्वेन्द्रियाणं बलम् ॥–भावप्रकाशनिघण्डुः ।

१३ द्रव्याणि वेशवारस्य नागवल्लीदलानि च । तण्डुलांश्च लवंगानि मरिचानि समासतः ॥ यसरी पान,चामल, ल्वाङ र मरिचको मिश्रण गरी बनाएको मसला वेसवार हो । वेसवार विशेष मसलाको रूपमा हालेर बनाएको परिकारलाई पनि वेसवार भन्ने गरिएको पाइन्छ । बेसार, हिङ, अदुवा मरिच, जिरो,हलेदो, धनियाँ यी ६ वस्तुलाई क्रमशः पहिलोभन्दा दोस्रोलाई दुईगुना पार्दै तयार पारिएको मसला पनि वेसवार हो । प्रस्तुत पद्यका टीकाकारले संकलन गरेको यस्तै मसला हो । नेपाली भाषाको शब्द बेसार यही वेशवार शब्दकै अपभ्रंश हुनसक्छ ।

१४ पर्पट भनेको पापडी हो । टीकाकारले यसको अर्थ गुडपापडी भनेका छन् । यो सख्खर पगालेर पर्पटी बनाउने विधिले तयार गरिएको हुन्छ । यहाँ मिष्टान्नकै चर्चा गरिएकोले गुडपाप्री नै बुझ्नसकिन्छ ।

१५ सट्टा राम्रो जमेको र तर झिकेको दहीमा सुठो मरिच, पिप्ला, अनारको रस र चितूको चूर्ण मिलाई बनाइन्छ ।

१६ शष्कुली भनेको खास्ता पुरी हो भने मण्ड भनेको मीठो नरम र केटाकेटीले पनि खान हुने गुण भएको एकथरि हलुवाको

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सिधोनुन, सुठो, मरिच, पिपला, धनियाँ, जिरो, हलेदो, हिड ई सभइ औषधि पिन्ही दारिमका रसमा पिसी गोली बनाउनु यो वेसवार कहिंछ । वराको पाक एसै वेसवारले गर्छ । फिनिको पाक ल्वांगले गर्छ। गुडपाप्रिको पाक सैजनका बियाँले गर्छ। लड्डु, मालपुवा, रोति, सेल, मनभोग र इतादि पकाइको पाक पिपलजरिका क्वाथले गर्छ ॥१७॥

सिधेनुन, सुठो, मरिच, पिपला, धनिया, जीरा, हलेदो, हिङ यी सबैलाई एकत्रित गरी दाडिमको रसमा पिसेर गोली बनाई वेशवार तयार गरिन्छ। वेशवारले बारा/वरा/वडा/वाडाको पाक गर्दछ । फिनीको पाक ल्वाङले गर्दछ । सहिजनका बियाँले गुडपाप्रीको पाक गर्दछ । लड्डू, मालपुवा, रोटी, सेल, खास्ता पुरी, मनभोग र तारी पकाइएका पक्वान्नको पाक पिपलाका जराको क्वाथले गर्दछ ॥१७॥

दुम्सी, गोहोरो, गैंडा, कछुवाको मासु र आरनालको पाक

श्वाविद्गोधागण्डकाश्चित्रतैलाद्यावक्षारात्[१७] कोलकूर्मादयोऽपि ॥

जीर्यत्येवं पायसो मुद्गयूषात्[१८] सामुद्राद्यादारनालः[१९] सुखाय ॥१८॥

दुम्सी, गोहोरो, गैंडा एतिको मासुको पाक अरिडका तेलले गर्छ । बनेलका मासु, कछुवाका इत्यादिका मासुले कुपथ गऱ्यामा जवाषारले पाक गर्छ। खीरक्व पाक मुगिका क्वाथले गर्छ। आरनार भन्याको मदिरा विशेष छ तसको पाक समुद्रादि पाँच नूनले गर्छ ॥१८॥

दुम्सी, गोहोरो र गैंडाको मासुले कुपथ भएमा अरिणको तेलले पाक गर्दछ। बँदेल र कछुवाको मासु खाई कुपथ भएमा जौको क्षार (यवक्षार) वा जवाखारले पाक गर्छ। खीरको पाक मूँगको क्वाथले गर्दछ । आरनालनामक एक खालको मदिराको सामुद्र आदि पाँच किसिमका लवणबाट पाक हुन्छ ॥१८॥

परिकार हो । अर्को मण्डक भन्ने पनि परिकार छ । स्युर्मण्डकाः मण्डलिनः कर्परदिषु पाचिताः । महान्तो विस्तृताः सूक्ष्मा लघवो लम्बुकाश्च ते । यसलाई रोटी वा तन्दुरी पनि मान्न सकिन्छ ।

१७ यावक्षार= यव(जौ)को क्षारलाई यावक्षार भनिएको हो ।

१८ पकाएर तयार पारिएको मूँगको दाललाई छानेर बाँकी रहेको छोक्रा हटाइएको रसमात्रलाई मुद्गयूष भनिन्छ । सम्पूर्ण दाललाई सूप भनिन्छ ।

१९ आरनाल भनेको काञ्जिकजस्तै हो । धान, भातको माड, आदिलाई सन्धान गरी बनाइएको काञ्जी होभने भूसरहित गहूँलाई भिजाएर तयार गरिएकोलाई आरनाल भनिन्छ । काञ्जिक, आरनाल, शुक्त यी सबै एक किसिमका मद्य नै हुन् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

दीर्घकालोपपन्न पानीको अजीर्ण

तप्तं तप्तं हेम वा रुप्यमग्नौ वारं वारं क्षिप्तमम्भःसु तच्च ॥

पीत्वावश्यं दीर्घकालोपपन्नमम्भोजीर्णं शीघ्रमेवं जहाति ॥१९॥

सुन अथवा रूपो बारबार तताउँदै पानिमा चोभदै गर्नु। त्यो पानि जहासंम तातो भयाको छइन ताहासंम चोभदैगर्नु त्यो पानि पियापछि ढेरै कालस्म रह्याको पानिको कुपथ समन हुंछ ॥१९॥

सुन अथवा चाँदीलाई तताउँदै रातो भएपछि पानीमा चोब्ने । पानी नतातुञ्जेलसम्म यसै गरी वारवार तताउँदै चोब्दै गर्नुपर्छ । यसरी तयार भएको तातो पानीलाई पिएमा लामो समयदेखिको पानीको कुपथ शमन हुन्छ ॥१९॥

पालुंगो, नाडीशाक, करेला, भिंडा, तामा, मूला, पवइ, लौका, परवर आदि सागको पाक

पालंकिकाकेमुक[20]कारवेल्लवार्ताकवंशांकुरमूलकानाम् ॥

उपोदिकालावुपटोलकानां सिद्धार्थको मेघरवश्च पक्ता ॥२०॥

पालुंगा, रातो मूला अथवा करेमु, करेला, भिडा, टुसा तामा, मूला, पवइशाक, लहुको, परवर इत्यादि साकको कुपथ भया सर्सिउका छोपले अथवा लुद्याको साकले नास गर्छ ॥२०॥

पालुंगो, केमुक अर्थात् केमुआँ वा नाडीशाक, करेला, भिँडा, तामाटुसा, मूला, पवइसाग, लौका, परवर आदि सागको पाक सर्सिउँको छोप अथवा लुडेको सागले गर्दछ ॥२०॥

केराउ, सुन्तला, ज्यामिर, मदिरा आदिको पाक

शुण्ठी सतीनस्य च नागरंगजम्वीरयोः कोद्रवको निहन्ता ॥

जरामिरा गैरिकचन्दनाभ्यामभ्येति पाकं बहुशोऽनुभूतम् ॥२१॥

केराउको पाक सुथोले गर्छ। नारंगी, काष्छा ज्यामिरको पाक कोदाले गर्छ। मदको कुपथ भयामा गेरु, चन्दनले पाक गर्छ। यो वहुतै वैदेले अनुभव गऱ्याको छ ॥२१॥

---

२० केमुक भनेको नाडीशाक हुनुपर्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

केराउको पाक शूठोले गर्दछ । नारंग वा सुन्तला र काठज्यामिरको पाक कोदाले गर्छ । मदिराका मदको कुपथ भएमा गैरिक वा गेरु र चन्दनले पाक गर्दछ । यो धेरै वैद्यहरूको अनुभूत कुरा हो ॥२१॥

परवर, तामाटुसा, करेला, लौका आदिको पाक

पटोलवंशांकुरकारवेल्लफलान्यलाबूनि बहूनि जग्ध्वा ॥

क्षारोदकं ब्रह्मतरोर्निपीय भोक्तुं पुनर्वाञ्छति तावदेव ॥२२॥

परवर, तामातुसा, करेरा, लहुको ईत्यादि वहुत षाई कुपथ भयामा पलासको भस्म जलमा रयलि षायाहुदि पाक हुंछ। फेरि पनि खान तति इच्छा गर्छ ॥२२॥

परवर, तामाटुसा, करेला, लौका आदि खाएर कुपथ भएमा पलाशको भष्म पानीमा घोली खाएमा पाक हुन्छ । यसरी पाक भएपछि फेरि पनि खान मन लगाउँदछ ॥२२॥

सूरण, आलु/तरूल, हलेदो, चूनको पाक

विपच्यते सूरणकं गुडेन तथालुकं तण्डुलतोयपानात् ॥

जम्वीरनीरेण निशारसोऽपि मुस्तेन चूर्णं परिपाकमेति ॥२३॥

सुरनको पाक गुडले गर्छ। आरु, तरुलको पाक चोरानीले गर्छ। हलेदाको पाक ज्याविरका रस गर्छ। चूनको कुपथ भयामा मोथ्याले गर्छ ॥२३॥

सूरण या ओलको पाक गुडले गर्दछ। आलु र तरुलको पाक चौलानी पिएपछि हुन्छ। हलेदाको कुपथ भएमा त्यसको पाक ज्यामिरका रसले गर्दछ । चूनको कुपथ भएमा मोथेले पाक गर्दछ ॥२३॥

बन्धूक, सर्सिउँ, बेथे र सागहरूको पाक

बन्धूकसिद्धार्थकवास्तुकानां गायत्रिसारक्वथितेन पाकः ॥

शाकानि सर्वाण्युपयान्ति पाकं क्षारेण सद्यस्तिलनालजेन ॥२४॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

लटयातरी वा सर्सिउ तोरि, बेथुवा ईत्यादि शाकको पाक खएरका क्वाथले गर्छ। सबै जातका साकको पाक तिलका झिगता पोलि भस्म गरि पानिसँग रयारि पिउन दिनु पाक गर्छ ॥२४॥

बन्धूक,[२१] तोरी वा सर्सिउँ, बेथे आदि सागको पाक खयरका सारको क्वाथले गर्दछ। सबै जातका सागको तिलनालको क्षारले तत्काल पाक गर्दछ ॥२४॥

अमारो, डुम्री, पिप्पल, पाखरी, वर आदिका फल र चिरौजीको मज्जाको पाक

आम्रातकोदुम्बरपिप्पलानां फलानि हि प्लक्षवटादिकानाम् ॥

स्युः शर्मणे पर्युषितोदकेन प्रियालमज्जा च कदुष्णकेन ॥२५॥

अमारो, डुम्रि, पिपल, अमिली अथवा पाषरि, वर इत्यादिका फलको पाक वासिपानिले गर्छ। चिरउजिको पाका मंताता पानीले गर्छ ॥२५॥

अमारो, डुम्री, पिप्पल, पाखरी, वर आदिका फलको पाक पर्युषितोदक या बासी पानीले गर्दछ। चिरौंजीको मज्जा वा गुदीको पाक मनतातो पानीले गर्दछ ॥२५॥

चिल्लो पदार्थको अजीर्ण, अतिसारको बह, मासको मस्यौरा र अमिलीको पाक

स्नेहाजीर्णे रोगिणम् मुद्गचूर्णं ज्वालां मुस्तो हन्ति वैरेचकाणाम् ॥

माषेण्डर्या[२२] निम्बमूलेन पाकश्चिञ्चा मुञ्चत्यम्लतां चूर्णयोगात् ॥२६॥

रोगीलाई चिल्लाको अजिर्ण भया मुगीका चुर्णले पाक हुंछ। अतिसारको वह मोथाले समन गर्छ। मासका तितौराले कुपथ भयामा निमका जरा घोति षानु पाक हुंछ। अमिलिले कुपथ गऱ्यामा चूनले पाक गर्छ ॥२६॥

---

२१ यहाँ बन्धूक छुटेको छ सिद्धार्थकको अर्थ लट्यातरी वा सर्सिउँतरी गरिएको छ। बन्धूक भनेको दोपहरे फूल हो। बन्धूको बन्धुजीवश्च रक्तो माध्यान्हिकोऽपि च –भावप्रकाशनिघण्टुः। यो मध्यान्हमा फुल्छ। यसैले दोपहरिया भनिएको हो। नेपाली निघण्टुका निघण्टुकार कोषनाथ देवकोटाले यसलाई दोपहरे र बारमासे पनि भनेका छन्।

२२ माष+इण्डरी= माषको मस्यौरा।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

रोगीलाई चिल्लो पदार्थको अजीर्ण भएको छ भने मूगीका चूर्णले पाक हुन्छ। अतिसारको बह[२३] लागेको छभने मोथेले शमन गर्दछ। मासका मस्यौराले कुपथ भएको छभने निमको जरा घोटेर खाए पाक हुन्छ। अमिलीले कुपथ गरेको भए चूनले पाक गर्दछ ॥२६॥

उष्णपदार्थ, शीतपदार्थ, अमिलो, चिल्ला वस्तुको र वमनको पाक

उष्णेन शीतं शिशिरेण चोष्णमम्लेन च क्षारगणो गुणाय ॥

स्नेहेन तीक्ष्णं वमनातियोगे सिता हिता स्यादिति काशिराजः[२४] ॥२७॥

गर्मिवस्तुले अजिर्ण भयामा चिसावस्तुले पाक हुंछ। चिसावस्तुले अजिर्ण भयामा गर्मिवस्तुले पाक हुंछ। अमिलाले कुपथ भयामा नूनका जातिले पाक गर्छ। चिल्लाले अजिर्ण भयामा मरिचले पाक गर्छ। वमन वहुतै हुंछ भन्या चिनिले वमन थामिंछ भंनि सचो वचन छ ॥२७॥

ताता वस्तुले अजीर्ण भएको भए चिसा वस्तुले पाक हुन्छ। चिसा वस्तुले अजीर्ण भएको भए ताता वस्तुले पाक हुन्छ। अमिलाले कुपथ भएको भए क्षारगण या नुनका जातिले पाक गर्दछ। चिल्लो वस्तुले अजीर्ण भएको भए मरिचले पाक गर्दछ। ज्यादा वमन हुन्छ भने सिता या मिश्रीले पाक गर्दछ। यो काशिराजको साँचो भनाइ हो ॥२७॥

पानको चूनले मुख पोलेमा

ताम्बूलमध्यस्थितचूर्णकेण सन्दह्यते यस्य मुखं नरस्य ॥

तैलेन वा केवलकाञ्जिकेन सुखाय गण्डूषमसौ विदध्यात् ॥२८॥

पानका विरामा हल्याका चूनले मुषमा पोऱ्याको छभन्या तलले कुल्ला गर्नु अथवा दहिका पानिले कुल्ला गर्नु र सुष हुंछ।

पानको विडामा हालेको चूनले मुखमा पोलेको छभने तेलले अथवा केवल काञ्जीले कुल्ला गरेपछि ठिक हुन्छ ॥२८॥

---

२३ पेट दुख्ने र मुखमा पानी चढिरहने अवस्थालाई बह लाग्नु भनिन्छ।

२४ स्यादिति सत्यवादः। इति पाठान्तरम्। तर, इति काशिराजः भन्ने पाठले यो ग्रन्थ काशिराजले बनाएको भन्ने मत पनि जनाउने भएकोले यहाँ यो पाठ स्वीकार गरियो।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

नस्यजरोग, अञ्जनजन्यरोग, धूमगद र अत्यधिक अश्रुविरेचन भएमा

शीतोदकं नस्यजरोगहारी नारीपयश्चाञ्जनरुग्विनाशी ॥

शैलोदकं धूमगदे प्रशस्तं धात्रीप्रलेपोऽतिविरेचनेषु ॥२९॥

वासि पानि नाषबात पिया पिनासरोग निको गर्छ। स्त्रीका दुतले आषा धोयापछि आषाको रोग नास हुंछ। धुवाले दुख्याको आषाको रोग सिलाजितले नास हुन्छ। वहुत अषादेखि आँसु चुहुत कपालमा अवला लेप गर्नु निको हुंछ ॥२९॥

चिसो पानी नाकले पिएमा नस्यजरोग वा नस्यको दोषबाट उत्पन्न नाकको रोग निको हुन्छ । नारीको दुधले आखा धोएमा आँखाको अञ्जनरोग वा अञ्जनको दोषबाट उत्पन्न नेत्ररोग नाश हुन्छ । धुवाँले गर्दा लागेको आँखाको रोगलाई शिलाजितले फाइदा गर्दछ । आँखाबाट ज्यादा आँसु आउँछ भने कपालमा अमला लेप गर्नाले निको हुन्छ ॥२९॥

थकाइको कारणले हुने अजीर्ण, सम्भोगपछिको थकाइ र सम्भोगको अतिरेकमा

मृगस्य मांसं श्रमजेऽनुकूलं प्रभातसुप्तिः सुरतावसाने ॥

क्षीरोषणा सैन्धवसाधितं तु छागाण्डमुक्तं सुरतातिरेके ॥३०॥

थकाईदेषि अजिर्ण भयामा मृगका मासुले पाक हुंछ । स्त्रिसंग गरि थकाई भयामा प्रातकालविषे २-४ घरि सुतनु थकाई जान्छ । वहुत स्त्रिसंग भोग गरि निर्वल भयामा पनि वोक्याका अंड दुतमा पकाउनु तसपछि दुतदेषी त्यो अंडा निकासि घेउमा पकाउनु सिधो नुन हालि पकावनु पछि पिपलाको चूर्ण हाली एसरितले सिंग गऱ्याको वोक्याको अंड खानु र धातुवल वधछ ॥३०॥

श्रम या थकाइले अजीर्ण भएको छभने मृगका मासुले पाक गर्दछ । सम्भोग गरेर थकाइ लागेको छभने बिहान सुतेपछि थकाइ जान्छ। धेरै स्त्रीसँग सम्भोग गरेर निर्वल भएको अवस्थामा दुधमा पकाएको सिंग भएको बोकाको अण्डालाई घिउमा तारी सिधेनुन र पिप्लाको चूर्ण हालेर खाएमा धातुको बल बढाउँदछ ॥३०॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

कर्णपूरणजन्य र कवलजन्यरोगमा

श्रवणपूरणजे तिलतैलतः श्रवणपूरणमेव सुखं विदुः ॥

कवलजेषु गदेष्वथ कारयेत् कवलमार्द्रकजद्रवजं पुनः ॥३१॥

कान चिलाउन्या रोग भया तिलको तेल कानभरी हाल्नु निको हुंछ मुष गन्हाउन्या रोग भया अदुवाका रस कुल्ला गर्नु मुषको गन्हाउन्या रोग हर्छ ॥३१॥

